फेदाप गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोक्लाबाङ, तेह्रथुम
१ नं. प्रदेश,नेपाल

प.सं. २०७७।०७८ मितिः-२०७७।०६।१२
च.नं. ३६२

**विषयः- उपभोक्ता समिति गठन गर्ने सम्वन्धमा।**

सवै वडा कार्यालयहरु,
फेदाप गाँउपालिका, तेह्रथुम ।

प्रस्तुत विषयमा यस गाँउपालिकाको आ.व. २०७७/०७८ को आठौ गाँउसभावाट स्वीकृत गाँउपालिकास्तरीय योजना तथा कार्यक्रम कार्यान्वयन सम्वन्धमा तथा गाँउकार्यपालिकाको मिति २०७७/०६/१० गतेको वैठकको निर्णयवाट पहिलो चरणमा *फेदापको गौरव*का रुपमा मानिएका तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरुको कार्यान्वयन गर्नका लागि मिति २०७७ असोज मसान्त सम्ममा तत् तत् वडाहरुले उपभोक्ता समिति गठन गरी आवश्यक कार्यार्थ पठाउनु हुन अनुरोध छ ।

तपसिलः-

१. पोक्लावाङ वजारको सडक सोलिङसहित ढलान
२. गुल्डुङ डाडामा भ्यु टावर
३. ह्यात्रुङ झरना प्रवर्द्धन
४. चिचिलिङ पोखरी संरक्षण तथा व्यवस्थापन
५. मझौ गुफामा पर्यटकीय पूर्वाधार विकास
६. चिचिलिङ पोखरी आसपास हेलिप्याड निर्माण
७. भ्यागुते ढुंगा सिक्रे पाथिभरा हँदै देउराली पदमार्ग निर्माण

२०७७।६।१२
भक्त वहादुर भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः-

१. श्री सुचना प्रविधि अधिकृत ज्यू, (कार्यालयको Website तथा Facebook Page मा अपलोड गरिदिनु हुन तथा सवै वडा कार्यालयको ई-मेलमा तु-पठाईदिनु हुन ।

फेदाप गाउँकार्यपालिकाको कार्यालय, पोक्लावाङ। फोन नं.: ९८५२०८०६००
ईमेल:info@phedapmun.gov.np वेबपेज: www.phedapmun.gov.np
फेसबुक: www.facebook.com/fedap.ruralmunicipality

Scanned with CamScanner

फेदाप गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोक्लावाङ, तेह्रथुम

१ नं. प्रदेश नेपाल

नोटः-

उपभोक्ता समिति गठन गर्दा देहाय बमोजिम निर्देशन पालना गरी गर्नु पर्नेछः-

१. आयोजनाबाट प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुको आमभेलाबाट अधिकतम सहभागिता सम्वन्धित आयोजनास्थलमा नै सात देखि एघार (७ देखि ११जना) सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्ने छ, साथै विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) लाई मध्यनजर राखी व्यक्ति व्यक्ति बिचको सामाजिक तथा भौतिक दुरी कायम राखी स्वास्थ्यको मापदण्ड समेत अपनाई उपभोक्ता समिति गठन तथा योजना कार्यक्रम संचालन गर्ने ।

२. गाँउपालिकास्तरीय आयोजना सञ्चालनको लागि उपभोक्ता समित गर्दा गाँउपालिका उपाध्यक्ष तथा योजना शाखा प्रमुखको रोहवरमा गर्नु पर्नेछ ।

३. उपभोक्ता समिति गठनका गर्दा अनिवार्य समावेशी सिद्धान्तको अवलम्वन गर्नु पर्ने छ । कम्तिमा तेत्तीस (३३%) महिला सदस्य अनिवार्य हुनुपर्नेछ । समितिको अध्यक्ष, सचिव र कोपाध्यक्षमध्ये कम्तिमा एक जना महिला पदाधिकारी हुनु पर्नेछ ।

४. एक व्यक्ति एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन । साथै संगोलका परिवारवाट एकजना भन्दा बढी व्यक्ति एउटै उपभोक्ता समितिको सदस्य हुन पाइने छैन ।

५. उपभोक्ता समिति गठन सकेसम्म सर्वसम्मत तरिकाले गर्नु पर्नेछ । सर्वसम्मत हुन नसकेमा उपभोक्ताहरु वहुमतवाट उपभोक्ता समिति गठन गर्नुपर्ने छ ।

६. उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नु पर्ने काम समिति आफैंले गर्नु गराउनु पर्नेछ । अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति संस्थालाई ठेक्कामा दिई गराउन पाइने छैन ।

७. सरोकारवाला उपभोक्ताहरुको आमभेलावाट आयोजना अनुगमन तथा सहजीकरण समिति गठन गर्नु पर्नेछ । उक्त समिति ३ देखि ५ सदस्यीय हुनुपर्ने, १ जना संयोजक र अन्य सदस्य रहने, कम्तीमा एक तिहाइ महिला सदस्य हुनुपर्ने छ । उपभोक्ता समितिमा रहेको पदाधिकारी वा निजको एकाघरको सदस्य अनुगमन समितिमा रहन पाउने छैन । यस्ता अनुगमन समितिमा गाँउपालिकाका पदाधिकारीहरु, वडा अध्यक्ष, सदस्य वा गाँउपालिकाका अन्तर्गतका कर्मचारी नराखी उपभोक्ताहरुवाट राख्नुपर्ने छ ।

*तर जनप्रतिनिधिहरु, राजनीतिक दलका पदाधिकारी, बहालवाला सरकारी कर्मचारी, शिक्षक र सरकारी कोषबाट तलब भत्ता पाउने जुनसुकै व्यक्ति उपभोक्ता समितिको सदस्यमा बस्न पाइने छैन । यदि कोही कसैले गलत मनसाय राखि उपभोक्ता समितिमा बसेको पाइएमा कानून बमोजिम कारबाही हुने व्यहोरा अवगत समेत गराइन्छ ।*

भक्त बहादुर भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

फेदाप गाउँकार्यपालिकाको कार्यालय, पोक्लावाङ। फोन न.: ९८५२०८०६००
ईमेल:info@phedapmun.gov.np वेबपेज: www.phedapmun.gov.np
फेसवुक: www.facebook.com/fedap.ruralmunicipality

Scanned with CamScanner